हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ६० पृष्ठ : ४ २०७७ भदौ २८ गते आइतबार (Sunday 13 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost





ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551


## सिरहामा असोज १० गतेसम्म थपियो निषेधाज्ञा

- *निषेधाज्ञा केही खुकुलो*
- *पसल ३ बजेसम्म खोल्न पाइने*

सिरहा । जिल्ला प्रशासन कार्यालयले सिरहामा असोज १० गतेसम्मका लागि जिल्लाभरि निषेधाज्ञा थपेको छ । जिल्लामा कोभिड १९ संक्रमण बढ्दै गईरहेको र जोखिम कायमै रहेको भन्दै असोज १० गतेसम्मको लागि निषेधाज्ञा थपिएको जिल्ला प्रशासन कार्यालय सिरहाले जनाएको छ । निषेधाज्ञा भदौ २७ गते राती १२ बजेबाट लागू हुने प्रशासनले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा पालनाका लागि जिल्लाका १७ वटै स्थानीय तह, राजनीतिक क्षेत्र, उद्योग वाणिज्य संघ/संस्था तथा समाजिक संघ/संस्थालाई अनुरोध गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलद्वारा हस्ताक्षरित विज्ञप्तीमा यस अघिकोभन्दा निषेधाज्ञा केही खुकुलो पारिएको छ ।

हाटबजार, विद्यालय, सभा, जुलुस, जिमखाना, सभागोष्ठी जस्ता मानिस भिडभाड हुने खालका कार्यमा बन्देज लागाएको भएपनि नीजी तथा भाडाका जीप, कार, भ्यान जस्ता सवारी साधनमा अनिवार्यरुपमा मास्क लगाई दूरी कायम गरि यात्रा गर्न पाइनेछ ।

यसअघि चारपांग्रे, अतिआवश्यक खाद्यान्न, औषधी, इन्धन, दुध बोक्ने लगायतका सवारी साधन चलेको भएपनि निजी सवारी साधन सञ्चालनमा रोक लगाइएको थियो । यस पटक भने सार्वजनिक सवारी साधनले पनि सुरक्षा सतर्कता अपनाएर जिल्लाभरि चलाउन पाउने भएका छन् ।

अगाडि तिर रो सिट भएका सार्वजनिक सवारी साधनले मात्र हरेक यात्रु बस्नु अघि वा ओर्लनासाथ अनिवार्य रूपमा डिसइन्फेक्शन गररि एउटा रोमा मास्क लगाएर एकजनामात्र यात्रु राख्न सकिने जारी जानकारी पत्रमा उल्लेख गरिएको छ । अगाडी नफर्केका वा दायाँ बायाँ सिट फर्केका सवारी साधनहरू भने तत्काल चलाउन पाइनेछैन ।

सार्वजनिक सवारी साधनका चालक र सहचालकले अनिवार्यरुपमा मास्क लगाउनु पर्ने पनि प्रशानकार्यालयद्वारा जारी पत्रमा उल्लेख गरिएको छ । यस अघि जिल्लाले भदौ २७ गते राती १२ बजेसम्मको लागि निषेधाज्ञा जारी गरेको थियो ।

### सञ्चालन गर्न सकिने क्रियाकलापहरू

- निजी तथा भाडाका जिप, कार, भ्यान लगायतका सवारी साधनमा दूरी कायम हुने गरी चलाउन पाइने ।
- दैनिक उपभोग्य बस्तुका पसल विहान ५:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म खोल्न पाइने ।
- होटल तथा रेष्टुराहरूले तयारी खानाको होम डेलिभरी भिडभाड नहुनेगरी दूरी कायम गरेर विहान ९:०० बजे देखि साँझ ७:०० बजे सम्म संचालन गर्न पाइने ।
- भाँडा र भान्साका सामग्री पसल विहान ८:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म खोल्न पाइने ।

### निषेध गरिएका गतिविधिहरू

- हाट बजार लगाउन, मानिस भेला हुन, सभा, जुलुस, गोष्ठी, सेमिनार, तालिम, सिनेमा हल, पार्टी प्यालेस, मनोरंजन स्थल, सैलुन, जिम खाना, खेल प्रस्तुती, प्रदर्शनी, पुस्तकालय, भोज भतेर, महोत्सव, जात्रा, शैक्षिक संस्थाहरू संचालन गर्न पाइने छैन ।
- स्वास्थ्य मापदण्डविपरीत भीड हुने उद्योग, कलकारखाना र व्यापार /व्यवसाय चलाउन तथा श्रमिक ओसार-पसार गर्ने
- शैक्षिक संस्था सञ्चालन र चाडपर्वलगायत धार्मिक, सांस्कृतिक र सामाजिक जमघट

## कमलदहमा मृत महिलाको पहिचान खुल्यो

सिरहा । मिर्चैया नगरपालिका(९ स्थित कमलदहमा मृत अवस्थामा बिहीबार फेला परेकी महिलाको पहिचान खुलेको छ ।

कमलदहमा तैरिरहेको अवस्थामा मृत भेटिएकी महिला सिरहा अर्नामा गाउँपालिका(२ ब्रहम्पुरीकी २८ वर्षीया रन्जना देवी यादव भएको प्रहरीले जनाएको छ । जितिया पर्वमा पोखरीमा नुहाउन गएको बेला डुबेको हुनसक्ने अनुमान गरिएपनि मृत भेटिएको स्थान र उनको घर करिब २५ किलोमिटरको दूरीमा रहेकाले घटना शंकास्पद रहेको प्रहरीले जनाएको छ ।

घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी सन्तु जैसवालले बताए । मृतक रन्जनाको २ छोरा र एक छोरी रहेको र उनको पतिको पनि ७ वर्ष अगाडि हत्या भएको बताइएको छ ।


**भित्री पृष्ठमा**

नेपालको चुनौति र गान्धीवाद
पेज २ मा

सुशासनको प्रत्याभूति दिने भूमिकामा स्थानीय सरकार
स्तम्भ : पालिका बहस
पेज ४ मा



**श्री पशुपति आर्दश मा.वि.**
लहान मटियर्वा-७, सिरहा

**भर्ना सम्बन्धी सूचना**

**कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !**

**संकायहरु**
१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी
- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।

समय : विहान ६:०० - १२:०० बजे सम्म

**सम्पर्क नं.**
प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३-५६०२१३


## 'सीमामा पिलर देखिन्छ, दशगजा देखिँदैन'

लहान । सिरहा नगरपालिका, औरही, बरियारपट्टि, नवराजपुर र भगवानपुर गाउँपालिकाको सीमावर्ती वडामा बसोबास गर्ने नेपाल र भारत दुवै देशका वासिन्दाले दशगजा मिचेका छन् । मिचेको ठाउँहरूमा उनीहरूले खेतीपाती र पसल थाप्न स-साना टहरा बनाएका छन् । ठाडी बजारमा भारतीय प्रहरीले बोर्ड झुन्डियाएरै दशगजामै चेकपोस्ट् राखेका छन् । सिरहा नगरपालिका-२० गदियानी गाउँ स्थित ठाउँठाउँमा दशगजा मिचेर खेत बनाएका छन् । पारी(भारतीय) लगडी गाउँका ज्ञानी मुखियाको घरआँगनमै जंगे पिलर छ । उनको सुत्ने घर पिलरदेखि




*बाँकी ३ पेजमा*






**फ्रेन्डस मोडल हसिपटल, लहान-३**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा

**डाक्टरहरु**
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## कैदीबन्दीको स्वास्थ्यको ख्याल गरौं

**सिरहा कारागार कोरोनाको जिल्लामैं 'हटस्पट' बन्ने खतरा बढेको छ । बुधबार र शुक्रबारको पीसीआर नतिजाले कारागार कतै कोरोना जोखिम केन्द्र त बन्दैन भन्ने सम्भावना बढाएको छ । दुई दिनको नतिजाले कारागारका ७८ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको छ । ती मध्ये १७ महिला र आश्रित दुई बालबालिकामा समेत कोरोना संक्रमण भएको छ । एकै थलोमा कोरोना संक्रमण दर उच्च हुनुले कारागारका कैदीबन्दीहरुको स्वास्थ्य असुरक्षालाई इंगित गर्छ ।**

**एकातिर १ सय ५० क्षमता भएको कारागारमा झण्डै चौगुना कैदीबन्दी कोचिएर राखिनुले त्यसै पनि कारागार व्यवस्थापन कस्तो छ भन्ने स्पष्ट हुन्छ । कारागारमा कैदीबन्दीको दिनचर्या कस्तो होला भन्ने जो सुकैले पनि अनुमान लगाउन सक्छन् । अर्कोतिर चौघेरा भित्र रहेका कैदीबन्दी अझ सुरक्षित हुनुपर्नेमा कोरोना संक्रमण भित्रिनु कारागार प्रशासनको लापरवाही नै हो भन्न सकिन्छ । चौघेराभित्र रहेका कैदीबन्दी सुरक्षित नहुनुले समुदाय कसरी सुरक्षित होलान र समुदायले सावधानी सजगता कसरी अपनाउँछन् भन्नेमा समस्या उत्पन्न गराएको छ ।**

**त्यसो त कारागारमा तीन वटा कक्ष क्वारेन्टाइन निर्माण गरिएको थियो । कारागार प्रशासनले कोरोना कहर सुरु भएसँगै कैदीबन्दी सँगको आफन्त र बाहिरी भेटघाटलाई बन्देज लगाएको थियो । कोरोना सावधानी अपनाउन कारागारमा २० लाख रुपैयाँ बजेट पनि निकासा भएको थियो । ती बजेटबाट कारागार प्रशासनले पर्याप्त सावधानी अपनाउन सामग्री खरिद गरि उपयोग गर्न सकिन्थ्यो । सामग्री खरिद गरिएपनि होलान । तर पनि कारागार प्रशासन कोरोना सचेतनामा चुकेको भन्नैपर्छ ।**

**कारागारभित्र त्यति ठूलो संख्यामा संक्रमित भइसक्दा पनि उनीहरुलाई आइशोलेसन गरिएको छैन् । सुरक्षा प्रबन्ध मिलाएर आइशोलेसन गरिनुपर्नेमा कारागारभित्रैको तीन वटा कक्षमा राखिएको छ । यसले अन्य कैदीबन्दीलाई संक्रमण नफैलिएला भन्न सकिन्न् । अर्कोतर्फ संक्रमण पुष्टि भएका उनीहरुको नियमित हेरचाहका लागि चिकित्सकको टोली खटाइएको छैन् । तत्काल चिकित्सकको टोली चौबिसै घण्टा खटाउन जरुरी छ । त्यसतर्फ सम्बन्धित निकायले बेलैमा ध्यान दिन जरुरी छ । यसतर्फ सबै सरोकारवाल निकायको ध्यान पुगोस । कैदीबन्दीको स्वास्थ्यमाथि खेलबाड नहोस ।**

# नेपालको चुनौति र गान्धीवाद

गान्धीवादका सम्बन्धमा बोल्नका लागि यहाँ आमन्त्रित हुँदा मैले आफूलाई सम्मानित भएको सम्झेको छु । तर, जिम्मेवारीलाई पूरा गर्न यहाँ अग्रसर भइरहँदा मलाई निकै सङ्कोच पनि लागिरहेको छ । म खस्रो हानाथापको राजनीतिमा संलग्न व्यक्ति हुँ । त्यस्तो राजनीतक जीवनको दैनिक अनुभवले मानिसका विश्वासहरूलाई दृढ त बनाउँछ , तर त्यसले शैक्षिक संस्थानले दिने किसिमको बौद्धिक शिक्षा भने दिन सक्तैन । तसर्थ, गान्धीवादलाई आफ्नो विशेष अध्यापनको विषय बनाएको शैक्षिक संस्थानले आयोजना गरेको यस कार्यक्रममा एकत्रित विद्वत् मण्डली माझ म आफ्नो बौद्धिक न्यूनताको अनुभव गरिरहेको छु । यहाँ सम्बोधन गर्नुपर्दा मलाई सङ्कोच पनि लागिरहेको छ ।

गान्धीवाद विराट आयामहरूको अद्भूत परिघटना हो । यसको अध्ययन हात्तीको शारीरिक अध्ययन जस्तो खण्ड–खण्ड र अङ्ग–अङ्गमा छुट्याएर गर्न त सकिएला, तर यसको सम्पूर्णताको सङ्गठित ज्ञान प्राप्त गर्न भने त्यसरी सम्भव हुँदैन । गान्धीवाद असीम सम्भावनाहरूको एउटा उर्वर बीउ हो । तत्काल यसको त्यति धेरै मूल्य र महत्व नदेखिए पनि भविष्यको ठूलो सम्भावना भने अवश्य बोकेको छ । गान्धीवाद मानवजातिका लागि एउटा आशा र उन्मुक्तिको बाटो भएकाले नै बुद्धिजीवी र आदर्शवादीहरूका लागि यो ठूलो प्रेरणाको स्रोत बनेको छ ।

गान्धीवादलाई आधुनिक शरीर र आत्मा प्रदान गर्ने जयप्रकाश नारायणजस्तो आदर्शवादी क्रान्तिकारी र खाँटी गान्धीवादी म होइन । म त यस विषयमा एउटा 'अज्ञेयवादी' जस्तो मनस्थितिको व्यक्ति हुँ । तसर्थ, एउटा अज्ञेयवादीलाई कुनै आस्थाप्रति समर्पित र विश्वास राख्ने व्यक्तिहरूसमक्ष त्यही विषयमा धारणा राख्ने अधिकार कसरी हुनसक्ला ? तसर्थ, म यहाँ उपस्थित विद्वानगणसमक्ष यस्तो धृष्टता गरेकोमा क्ष्मायाचना गर्दछु । अझ, म गान्धीको विचारको छाप बाहिरबाट परेका विदेशीहरूजस्तो तटस्थ व्यक्ति पनि होइन । मेरो जीवनको प्रारम्भिक र सृजनात्मक काल हिन्दुस्तानमा निर्वासित भएर बित्यो । गान्धीले त्यही कालमा हिन्दुस्तानको स्वतन्त्रताका लागि अहिंसात्मक सङ्घर्षलाई सफलतापूर्वक प्रयोग गरिरहनुभएको थियो । चालीसको दशकतिर मैले पनि उहाँले

## बिपी कोइराला राजनीतिक अभिलेख

बेलायती शासनका विरूद्ध चलाएका आन्दोलनहरूमा सक्रिय रूपमा भाग लिएको थिएँ । तसर्थ, म एउटा नितान्त बाहिरिया व्यक्ति पनि होइन । फेरि, गान्धीवादी आन्दोलनहरूमा आफैँ सरिक भएको हुँदा मैले गान्धीवादका प्रति मानसिक वा वैचारिक रूपमा तटस्थ रहन सम्भव छैन । गान्धीजीलाई एउटा धर्मान्ध हिन्दुको गोलीबाट उनको प्राण खोसिनुभन्दा ठीक दुई दिनपहिले मात्र मैले एकचोटि भेटेको हुँ । उहाँलाई भेटेर फर्किदा मलाई लाग्यो–हिन्दुस्तान स्वतन्त्र भएर उहाँको मुख्य राजनीतिक लक्ष्य प्राप्त भइसकेको छ । तर, उहाँ आफ्नो जीवनको सबैभन्दा ठूलो सङ्कटसँग भोलिपल्टै जुझ्दै हुनुन्थ्यो । आजसम्म पनि मेरो कानमा उहाँले त्यस भेटका समय भनेका वाक्यहरू गुञ्जिरहेका छन् । मैले सहयोगको अपेक्षा राख्दा गान्धीले भन्नुभएको थियो– 'मेरा आफ्नै मानिसहरू मेरो कुरा सुन्दैनन् भने राणाहरूले कसरी सुन्लान् ? तसर्थ, म अहिले तिमीहरूलाई सहयोग गर्ने अवस्थामा छैन ।' त्यसपछि मैले भनेको थिएँ–'गान्धीजी म कुनै स्थूल मद्दतको आशा लिएर आएको होइन, म तपाईको नैतिक समर्थन मात्र चाहन्छु ।' त्यसको प्रत्युत्तरमा उहाँले भन्नुभएको थियो– 'म सधैं न्यायको पक्षमा हुन्छु ! तिमी पनि न्यायको पक्ष छौ, तसर्थ तिमीले त्यो त पूर्ण रूपमा नै पाउनेछौ ।'

क्षमायाचना र स्पष्टीकरणका केही शब्द राखिसकेपछि म गान्धीवादका सम्बन्धमा आफ्नो मनमा लागेको कुरा भन्न अग्रसर हुँदै छु । आज गान्धीवादका सम्बन्धमा ठूलो अस्पष्टता छ । प्रतीकको रूपमा हेर्ने हो भने एकातिर खादीको सेतो गान्धी टोपी र एकसरो पोशाक भिरेर हिंड्ने सजिलो सोचमा मात्र गान्धीवाद सीमित देखिन्छ । तर, त्यही गान्धीवाद अर्कोतिर अत्याचारका विरूद्ध प्रागका सडकमा आत्मदाह गर्नेजस्तो चरम उत्सर्गको लक्ष्य पनि बोक्न पुग्छ ।[1] *(तिनताक अर्थात सन् १९६८–६९ मा चेकोस्लाभाकियाको उदारवादी राजनीतिमाथि नाङ्गो दमन गर्नका लागि सोभियत रूसले ट्याङ्कसज्जित सेना पठाएको थियो । त्यसको विरोधमा राजधानी प्रागमा आत्मदाह गरिएको थियो ।)* गान्धीवादले समाजमा व्याप्त आर्थिक रोगहरूको एक मात्र रामवाण औषधिका रूपमा कुटीर उद्योगलाई लिएको छ भने थप सामाजिक लक्ष्य प्राप्तिका लागि भूदान आन्दोलनलगायतका यावत् क्षेत्रहरूलाई त्यसको साधनका रूपमा समेटेको छ । त्यसो हुनाले गान्धीवादका सन्दर्भमा म आफ्नो विचार स्पष्ट राख्न चाहन्छु । गान्धीवादले विभिन्न सामाजिक समस्याप्रति व्यापक दृष्टि पुऱ्याएका कारण नै गान्धीवाद सुस्पष्ट सीमा–रेखा नभएको एउटा सांस्कृतिक आन्दोलनजस्तो पनि भएको छ । तसर्थ, गान्धीवादलाई एउटा छरितो परिभाषा दिन सकिँदैन । तर, ठोस वस्तुस्थिति एवं अवस्थाहरूका सन्दर्भमा गान्धीवादको उपयोगिताको परख गर्नका लागि त्यसका प्रमुख र आधारभूत मान्यताहरूलाई छुट्याएर अध्ययन गर्नु भने आवश्यक छ । यसो गरिएन भने जङ्गलको अध्ययन गर्ने क्रममा रूखहरूलाई छुटाएकोजस्तो हुनेछ । तसर्थ, म यहाँ मैले बुझेको गान्धीवादका दुई सर्वाधिक प्रमुख विशिष्टतालाई चयन गरेर तिनको विवेचना गर्ने जमर्को गर्दै छु । मेरो विचारमा गान्धीवादको सारतत्व दुई कुरामा आधारित छ :

१. **अहिंसा** : व्यक्तिगत तथा सामूहिक दुवै प्रकारका आचरणमा अहिंसा ।

२. **विकेन्द्रीकरण** : राजनीतिक तथा आर्थिक दुवैको विकेन्द्रीकरण ।

गान्धीवादका उल्लिखित दुई सारतत्वबाहेकका अरू तत्वहरू भने तिनका उपज वा तिनको कार्यान्वयनका लागि प्रतिपादन गरिएका तत्वहरू हुन् । यी दुई मूलभूत तत्वहरू परस्परमा आधारित छन् । ठीक त्यसरी नै गान्धीवादका लक्ष्य र साधन पनि एकअर्कामा निर्भर रहेका छन् । तर, गान्धीवादका यी तत्वहरूको विश्लेषणात्मक अध्ययन गर्दा एउटा तत्वलाई मूलतः साधन र अर्को तत्वलाई मूलत : साध्यको रूपमा विवेचना पनि गर्न सकिन्छ ।

गान्धीको जीवनमा कट्टरताबाट मुक्त उत्कृष्ट अर्थको धर्म र उन्नतशील उदार पुँजीवादको सबैभन्दा बढी छाप परेको थियो । त्यस्तो उदार पुँजीवाद लेसे–फेयरले प्रतिपादन गरेको आफूखुसी गर्न पाइने सुधारवादभन्दा बिल्कुलै भिन्न थियो । धर्म र उदारवाद दुवैको प्रभाव व्यक्तिमूलक हुन्छ । धर्मले आत्माको परिकल्पना गर्छ र त्यही आत्मामार्फत् व्यक्तिको मनोजगत्मा प्रभाव पार्छ भने उदारवादले व्यक्तिगत स्वतन्त्रतालाई फराकिलो पारेर सामाजिक जगत्मा व्यक्तिको प्रभाव बढाउँछ । जयप्रकाश नारायणले एक प्रशंसनीय लेखमा भनेका छन् –'अहिंसा एउटा साध्य नभएर साधन हो भन्ने स्पष्ट छ । मनुष्य साध्य हो । व्यक्तिको भौतिक, बौद्धिक, अध्यात्मिक, नैतिक, स्वास्थ्य र उन्नति यसका ध्येय हुन्छन् ।' गान्धीले भन्नुभएको छ –'मनुष्य नै अन्तिम लक्ष्य हो । त्यसकारण मानिसलाई पूर्ण मानसिक र नैतिक विकासयुक्त सुख प्रदान गर्नु नै हाम्रो लक्ष्य हुनुपर्छ । सत्यको खोजी गर्नु र सत्यप्रति निष्ठावान् हुनुले स्वयंमा आफैं मूल्य राख्दैन । तर, माथि उल्लेख गरिएका ध्येयको प्राप्तिका लागि सत्यको खोजी र सत्यप्रतिको निष्ठा आवश्यक भएकाले नै तिनको मूल्य पनि छ । सबैका लागि समान अवसर र स्वतन्त्रता उपलब्ध नभईकन व्यक्तिको सुख र नैतिक विकास सम्भव हुँदैन ।' गान्धीवादमा व्यक्ति नै सर्वोच्च हुन्छ । गान्धी सदैव व्यक्तिको कल्याण, उसको स्वतन्त्रता, उसको व्यक्तित्व र सम्भावनाहरूको विकासप्रति निष्ठावान रहनुभयो । एउटा प्राचिन श्लोकको व्याख्या गरेर उहाँले भन्नुभएको छ –'अनेक गाउँहरूमा लागू गरिएको व्यवस्था दौडिँदै उकालो चढ्ने होइन । पहाडको चुचुरालाई

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

# सवारी ज्यान मुद्दा र बलात्कार आरोपी पक्राउ

**लहान** । प्रहरीले विभिन्न मुद्दाका आरोपी दुई जनालाई शनिबार पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार काभ्रेपलान्चोक जिल्लाबाट सवारी ज्यान मुद्दामा फरार रहेका कर्जन्हा नगरपालिका-३ का सन्तोष बुढाथोकीलाई पक्राउ गरेको छ । त्यसैगरि कर्जन्हाका १३ वर्षीय बालिकालाई बलात्कार गरेको आरोपमा कर्जन्हा नगरपालिका-३ का ४५ वर्षीय घेमा भन्ने रामचन्द्र सदालाई पक्राउ गरेको छ ।

**ठक्करबाट २ घाइते**

मोटरसाइकलको ठक्करबाट शनिबार सिरहाको बरियारपट्टीमा दुई जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका हुलाकी सडक खण्डमा स ६ प ११६० नम्बरको मोटरसाइकलले बाटो काट्दै गरेका पैदल यात्री ८ वर्षीय मुकेश कुमार मण्डललाई ठक्कर दिंदा घाइते भएका छन् । मोटरसाइकल चालक २१ वर्षीय शिव कुमार यादवसमेत घाइते भएको प्रहरीले जनाएको छ ।

# स्यानिटाइजरमा विषाक्त रसायन भेटिएपछि पाँच कम्पनीलाई उत्पादनमा प्रतिबन्ध

काठमाडौं । औषधि व्यवस्था विभागले विभिन्न पाँच कम्पनीलाई स्यानिटाइजर उत्पादनमा प्रतिवन्ध लगाएको छ । मानव स्वास्थ्यमा असर गर्ने खालको रसायनद्वारा निर्मित स्यानिटाइजर उत्पादन तथा बिक्री भइरहेको पाइएको भन्दै विभागले उत्पादनमा प्रतिवन्ध लगाएको हो ।

विभागले नेपाल कायाकल्प उद्योग, काठमाडौंका हाइजिन सोप एन्ड केमिकल, आधार केमिकल्स एन्ड फुड इन्डस्ट्री, सर्च केमकम हर्बल प्रोडक्ट र सूर्यमुखी हर्बल प्रोडक्टसले बजारमा बिक्री गरिरहेका इन्सटेन्ट ह्यान्ड सेनिटाइजर, इन्सटेन्ट ह्यान्ड स्यानिटाइजर ओरिजिनल, एड्भान्स ह्यान्ड स्यानिटाइजर, इन्सटेन्ट ह्यान्ड स्यानिटाइजर रिफ्रेसिङ जेल र सूर्यमुखी ह्यान्ड स्यानिटाइजर उप्पादनमा प्रतिबन्ध लगाएको हो ।



हानिकारक रसायन प्रयोग गरेको पाइएपछि यी कम्पनीलाई उत्पादनमा रोक लगाइएको हो ।

विभागले राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा तोकेको मापदण्डविपरीत मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने मिथानोल अल्कोहलको मात्रा राखिएको देखिएको आज एक सूचना प्रकाशित गर्दै जानकारी दिएको छ ।

## सामाजिक सञ्जालबाट

Anuj Raut is with 6 others.

लहान देखि बासाजोडी, अमही, मोहनपुर र राजदेवी मन्दीर जाने दोश्रो मुख्य बाटो, गुदीगाउँ– भदैया खण्डमा पुल निर्माण सम्पन्न नहुन्जेल खुट्टी खोलामा बाढी आउदा लहान नगरपालिका वडा न १५ र १८ सबै गाउँका मानिस हिडने बाटोको हालत गरिव जनता हिडने बाटोमा पनि नगरपालिकाको आखाँ पुगोस ।




## सीमामा ...

भारतपट्टि पर्छ भने गाईगोरू नेपालतिर बाँध्ने गर्छन् ।

'पहिले दशगजा ऐलानीपर्ती थियो । सीमा टाँसिएका खेतबालाहरूले विस्तारै मास्दै गएको छ,' गदियानीगाउँका ६७ वर्षीय राजेन्द्र यादवले भने, 'अब सीमामा पिलर देखिन्छ । दशगजा देखिँदैन् । दुवैतिरका वासिन्दाले पाएसम्म मासेका छन् ।' उनकाअनुसार मासेको ठाउँमा कोहीले खेती गरेका छन् त कोहीले स-साना टहरा थापेर पसल खोलेका छन् । एकतर्फी रूपले भारतीयले मात्रै सीमा नमिचेको उनले सुनाए ।

'हामी पुस्तौदेखि दशगजामै बसोबास गर्दै आएका छौँ । घर आँगनमै जंगे पिलर छ,' भारतीय लगडी गाउँका कपिलदेव यादवले भने, 'केही महिनाअघि दुवै देशका अधिकारीहरूले फेरी सीमास्तम्भ गाडेका छन् ।' यहाँ दुवैतिरको वासिन्दाले जग्गा वारिपारी राखेको उनले सुनाए । दशगजा मिचेरै बस्ती र खेती गर्ने जग्गा कतिपयले बनाएको उनले बताए ।

'केही भारतीयले नेपाली नागरिकता बनाएको छ त केही नेपालीले भारतीय आधार कार्ड बनाएका छन्,' उनले भने, 'त्यस्ता व्यक्तिहरूको दुवैतिर जग्गा जमिन छन् । खेतीबारी गर्छन् ।' दशगजा मिचेर बसेपनि एक आपसमा विवाद कहिल्यै नभएको उनले सुनाए । भारतीय प्रहरीले केही वर्षअघि जबरजस्ती दशगजामै चेकपोस्ट् खडा गरेको ठाडीका कन्हैया भट्टले बताए ।

दशगजामै बसोबास गर्ने दुवैतिरकाहरूले मिचेर घरटहरा र खेतीबारी बनाएको सिरहा नगरपालिका वडानम्बर २० का वडाध्यक्ष रामचन्द्र यादव सुनाउँछन् । 'सीमास्तम्भ नै उखालेर मिचेको त्यति देखिँदैन' उनले भने, 'तर, दशगजामा जसको खेत टाँसिएको छ, उनीहरूले केही भुभाग जग्गा मिचेको छ ।' अरू देशको भूमि नै कब्जा गर्ने हिसाबले नमिच्ने गरेको उनको भनाइ छ ।

त्यतिखेर दशगजा मासेर ३१ ठाउँमा खेतीपाति भइरहेको निरिक्षणको क्रममा भेटिएको थियो ।

तथ्यांकअनुसार सिरहामा मुख्य २७, सहायक १९ र सानो ३४२ गरी ३८८ वटा पिलर छन् ।

## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*
*आजको इन्द्रेणीमा ...*

# देहातका पाका उमेरकाहरुको दिनचर्याको कथा



सीमावर्ती बरियारपट्टी बजारको मूख्य चौकको कुनामा काठ र टिनले बनेको सानो 'कठघरा' छ । कठघरा अघिल्लतिर बेन्चमा दैनिकजसो ६ बृद्ध भेटिन्छन् । दिउँसो १ बजेदेखि एकआपसमा उनीहरू दिनभर गफिन्छन् । बृद्धमध्ये एकले रामायण बाचन गर्छन अरू ५ बृद्ध बाचन सुन्छन् । अनी साँझ ५ बजे आ(आफ्नै बाटो लाग्छन् । त्यही 'कठघरा' बुढ्यौलीमा एक्लिएका बृद्धहरूको सुख दुःख र दिनकाट्ने 'बैशाखी' बनेको छ ।

कठघरा बरियारपट्टी (३ का ६० वर्षीय बिकु महतोले राखेका हुन । बिकुका जेठो छोरा दिलिप र कान्छा दिपनाले कठघरामा इलेक्ट्रिकल पसल खोलेका थिए । बैदेशिक रोजगारीका लागि दिलिप मलेसिया र दिपना कतार गएपछि तीनवर्षदेखि बुबा बिकुले रेखदेख गर्दैआएका हुन ।

'बिधुतीय सामान थोरै छन, पसल नाम मात्रैको छ' बिकुले भने 'छोराहरूले पसल खोलेर हिडेपछि बन्द गर्नुभन्दा दिन बिताउँने मेलो भएको छ, बृद्ध काका, दाजुहरू आउँछन् भलाकुसारी गर्न पाएका छौं ।' उनका अनुसार समय कटाउन गाह्रो भएपछि गाउँका ८२ वर्षीय राशलाल यादव, ८० वर्षीय लक्ष्मी, ७४ वर्षी दोरिक, ७० वर्षका रामप्रसाद यादव, ७० वर्षीय मुनिलाल मण्डल र ६५ वर्षीय बिल्टु यादव दिनहुँ आएर सुख दुःखका कुरा गर्न आउँछन् ।

छ वर्षअघि पत्नीको मृत्यु भएपछि एक्लो बनेका ८२ वर्षीय राशलाल यादवले साथीभाईसँग गफिन पाउँने भएकाले दिनहुँ १ बजे यही आउने गरेको सुनाए । 'तीन छोरा जागिरे छन्, सबै बाहिर बस्छन्, घरमा खाना पकाउन कान्छी बुहारी मात्र छिन' उनले भने 'दिनभरी घरमा एक्लो बस्नुभन्दा यहाू साथिभाईसँग गफ गर्न पाइन्छ, रामायण सुन्नका लागि पनि आउँछु ।'

कठघरामा बृद्धहरू दुई घण्टा गफिएपछि दुई घण्टा रामायण बाचन सुन्छन् । बृद्धमध्ये कान्छो बिकु अक्षर देख्न सक्ने भएकाले उनैले रामायण बाचन गर्छन । बृद्धहरू एकटकले सुन्छन् । 'बुढ्यौलीमा दिन काट्न गाह्रो हुँदो रहेछ' ७० वर्षीय मुनिलालले भने 'घर परिवारका नाति नातिनाहरू पनि गफ गर्न झिंजो, झर्को मान्छन्, काम गरौं भने हातखुट्टा लाग्दैन बाबु त्यही भएर आफ्नै उमेरका साथिसंगीसँग गफिएर बस्छौं ।'

बृद्धहरू कठघरामा बसेर गफिन थालेपछि गाउँकै बुलन यादवले हिन्दीमा लिखित रामायण किताब ल्याईदिएको बिकुले सुनाए । रामायण किताबको कहानी पनि गज्जबको छ । बरियारपट्टीका शरणलाल दासले मुम्बई जाँदा रामायण किताब किनेर ल्याएका रहेछन् । त्यही किताब शरणका छोरा बडेलाल र बडेलालका छोरा ६० वर्षीय बुलनले पढ्दा रहेछन् ।

अक्षर खुट्टयाउन गाह्रो भएपछि बिकुलाई दिएका रहेछन् ।

'तीन पुस्ताले यो रामायण पढ्न भ्याए, अहिले हामी पढ्दैछौं' बिकुले सुनाए 'यो पनि इतिहास जस्तो भएन त बाबु ।' रामायण पढिसकेपछि किताबलाई बडो जतनका साथ राख्छन् कपडामा बेरेर । नियमित गफसँगै पालो लगाएर चियाको पैसा

बाँकी ४ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# सुशासनको प्रत्याभूति दिने भूमिकामा स्थानीय सरकार

## पालिका बहस

### अधिवक्ता सन्तोष कुमार सुवेदी




अधिवक्ता सन्तोष कुमार सुवेदी साधारण अर्थमा भन्ने हो भने सुशासन त्यो शासकीय पद्धति हो जसले न्याय र शान्ति (Justice and Peace)मा आधारित शासकीय प्रणाली प्रतिबद्ध सरकारको वकालत गर्दछ जसअनुरूप नागरिक अधिकार र स्वतन्त्रताको प्रवर्द्धन र रक्षा (Human Rights and Civil Liberties) सम्भव छ ।

स्वतन्त्र विश्वकोष 'विकिपीडिया' का अनुसार राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरु छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनुलाई नै सुशासन भनिन्छ ।

सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य गर्दै कानुनी राज्यको वकालत, भ्रष्टाचारमा शून्य सहनशीलता सहितको आर्थिक विकास, कानुनको पूर्णपालनाको सुनिश्चितता, जनमुखी एवं पारदर्शी सरकारको अपेक्षा गरेको हुन्छ । संयुक्त राष्ट्र संघका अनुसार सुशासनको मापन ८ वटा तत्वहरूद्वारा गरिन्छ : जनसहभागिता, विधिको शासन, पारदर्शिता, जवाफदेहिता, सहमति उन्मुख, समता र समावेशिता, कुशलता र प्रभावकारिता र उत्तरदायित्व ।

जबसम्म राज्यले सुशासनको प्रत्याभूति दिंदैन, तबसम्म जनताले पूर्ण लोकतन्त्र र कानुनी राज्यको अनुभूति महसुस गर्न सक्दैनन् । त्यसैले हरेक देशले आफ्नो देशको संविधानमा नै सुशासनलाई प्रमुख प्राथमिकतामा राखी यसलाई संविधानको एउटा मेरूदण्डको रूपमा मानेको छ । यहि क्रममा हाम्रो देश नेपालले पनि सुशासनलाई प्रत्येक संविधानमा अंगिकार गर्दै आइरहेको छ । २०६२/६३ सालपछि देशमा पुनर्स्थापित भएको संसदले बनाएको नेपालको अन्तरिम संविधान र दोश्रो संविधानसभाले जारी गरेको नेपालको संविधानले सुशासनलाई झन महत्वका साथ प्राथमिकतामा राखेको छ । देशमा जारी वर्तमान संविधानले त सुशासनलाई आफ्नो प्रास्तावनामा मात्र होइन, राज्यको नीति निर्देशक र सिद्धान्तमा समेत स्थान दिएको छ ।

यसो भनिरहँदा, सुशासनको प्रत्याभूति दिने जिम्मा के राज्यको मात्रै हो त ? भन्ने प्रश्न हामीमाँझ आउन सक्छ । धेरै जनाको मानसपटलमा राज्य भन्नाले केन्द्रीय सरकारको चित्र आउन सक्छ तर अहिलेको राज्य भन्नाले केन्द्र सरकार मात्रै होइन, संविधानले राज्यभित्र तिन वटा सरकारको व्यवस्था गरेको छ, त्यो हो संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार । नेपालको संविधानले व्यवस्था गरेको संघीय, प्रदेश र स्थानीय तहसम्बन्धीको व्यवस्थालाई दृष्टिगत गर्ने हो भने केन्द्रको संघीय सरकारपछि स्थानीय सरकारलाई सशक्त बनाइएको देखिन्छ र धेरै अधिकारहरू स्थानीय सरकारलाई दिइएको छ । स्थानीय तहको चर्तुमुखी विकासको जिम्मा स्थानीय सरकारलाई दिइएको छ । स्थानीय सरकारको सम्बन्ध स्थानीय जनतासँग हुने भएको हुनाले स्थानीय आवश्यकता अनुसार हरेक क्षेत्रमा विकास गर्ने जिम्मेवारी स्थानीय सरकारको काँधमा आइपरेको छ ।

देशको स्थानीय तहको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने दायित्व स्थानीय सरकारमा आइपरेको छ । त्यति मात्र होइन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र श्रोतको कुशल व्यवस्थापन जस्ता सुशासनका आधारभूत मान्यतालाई आत्मसात गरि सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगले पाउने अवस्था सिर्जना गर्ने जिम्मेवारी पनि स्थानीय सरकारमै आएको छ । यसरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र स्थानीय प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरि स्थानीय तहमा सुशासनको प्रत्याभूति दिने दायित्व पनि स्थानीय सरकारमै आइपरेको छ ।

यसैले स्थानीय सरकारले देश र जनताको हितलाई ध्यानमा राखी नेपालको संविधानको धारा २२६ अनुसार कानुन बनाउनुपर्ने हुन्छ । स्थानीय सरकारले स्थानीय तहमा सुशासन कायम गर्न जिल्लास्तर तथा स्थानीयस्तरमा प्रशासनिक कार्य सञ्चालन गर्नुपर्ने हुँदा स्थानीय तहमा सुशासन कायम गर्नका लागि राष्ट्र र जनताको वृहत्तर हित, समन्याय र समावेशीकरण कानुनको शासन, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन, भ्रष्टाचार मुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता, प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच र जनसहभागिता तथा स्थानीय श्रोतको अधिकतम उपयोगलाई दृष्टिगत गरी कानुन बनाउनुपर्ने र तदनुरूप सुशासन स्थापित गर्नुपर्ने हुन्छ । त्यसरी नै स्थानीय तहको अथवा स्थानीय सरकारको प्रशासनिक कार्य सम्पादन गर्दा स्थानीय सरकारले आर्थिक उदारिकरण, गरिबी निवारण, सामाजिक न्याय, प्राकृतिक तथा अन्य सार्वजनिक श्रोतको दिगो तथा कुशल व्यवस्थापन, महिला सशक्तिकरण तथा लैंगिक न्यायको विकास, वातावरणीय संरक्षण, जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान र आफ्नो क्षेत्रको विकास तथा सन्तुलित विकास समेतलाई दृष्टिगत गरि स्थानीय सरकारको प्रशासनिक कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्छ । स्थानीय सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोका कुनै विषय कार्यान्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श लिन सक्नुपर्छ । स्थानीय सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनुपर्छ । सर्वसाधारणको सामूहिक वा व्यक्तिगत सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको इलाकामा नै सेवा उपलब्ध गराउनुपर्ने गरि स्थानीय सरकारले घुम्ती सेवा सञ्चालन गरेमा सर्वसाधारणले सुविधा प्राप्त गर्न सक्छन् । त्यसतर्फ पनि स्थानीय सरकारले ध्यान दिनुपर्छ । स्थानीय सरकाले कुनै परियोजना वा आयोजना, जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नुपर्छ ।

सर्वसाधारणलाई सेवा प्रदान गर्ने स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले निज वहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइको उचित व्यवस्था गर्नुपर्छ । त्यसरी सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय प्रशासनका पदाधिकारीसमेतलाई आमन्त्रण गर्ने व्यवस्था गर्नुका साथै जनगुनासोको लागि जनगुनासो पेटिका राख्ने व्यवस्था गर्नुपर्छ । स्थानीय सरकारले शासन व्यवस्था सञ्चालन गर्दा नेपालको संविधानको भाग ३ मा उल्लिखित मौलिक हक र कर्तव्यसम्बन्धी व्यवस्थालाई सदैव आत्मसात् गरि सो हक प्रचलन हुने गरि शासन व्यवस्था सञ्चालन गर्नुपर्छ । स्थानीय तहमा शासन सञ्चालन गर्ने शासक वा प्रशासकले देशको संविधान मात्र होइन, नेपालको हरेक कानुनी व्यवस्थाहरूको अध्ययन गर्नुपर्छ । त्यति मात्र होइन, संघीय व्यवस्था अपनाएका देशहरूको संविधान, कानुनी व्यवस्था र त्यस देशमा स्थानीय तहका सरकारहरूले सञ्चालन गरेका अधिकार र कार्यहरूसमेतको अध्ययन गर्नुपर्छ र ती देशहरूले अपनाएका जनउपयोगी व्यवस्थाहरू आफ्नो देशमा पनि प्रयोग गर्न सकिन्छ ।

तसर्थ, स्थानीय सरकारले सुशासन कायम गर्न र जनताको हक अधिकारको संरक्षण गर्न स्थानीय सरकारले गरेका विकास योजनाहरूको अनुभूति दिन स्थानीय सरकारका पदाधिकारीहरू सक्षम हुनुपर्छ भन्ने कुराहरू दिनानुदिन पर्न आउने समस्याहरूबाट प्रतिबिम्बित हुँदै जानेछन् । यसको लागि स्थानीय प्रशासक वा कार्यपालिकाका पदाधिकारीहरूले विशेषज्ञ र विशिष्ट योगदान गरेका विशिष्ट विद्वानहरूसँग परामर्श लिनु अत्यावश्यक हुन्छ जसबाट जनताले स्थानीय तहबाट हरेक क्षेत्रमा सुशासन गरेको अनुभूति होस् ।

## नेपालको ...

आधार दिन चौडा अधोभागको आवश्यकता पर्छ । तर, हाम्रो जीवन त्यस्तो पिरामिडजस्तो ठूलो आधार चाहिने हुनु हुँदैन । तसर्थ, जीवनलाई वृत्ताकार सङ्गठनका व्यवस्थाले आड दिनुपर्छ । म समुद्रमा एउटा ढुङ्गा खसाल्दा बन्ने वृत्ताकार तरङ्गजस्तो व्यवस्थाको कल्पना गरिरहेको छु । व्यक्ति त्यस वृत्ताकार व्यवस्थाको केन्द्रमा रहन्छ । त्स व्यवस्थामा व्यक्ति सदैव आफ्नो गाउँका लागि उत्सर्ग गर्न तयार रहन्छ भने त्यो गाउँ व्यक्तिको चाहनामा चल्छ । त्यसरी एउटा गाउँमा विकास भएको व्यवस्था विस्तारित हुँदै जान्छ र एक दिन त्यो सम्पूर्ण संसारको व्यवस्था हुनेछ । त्यस व्यवस्थामा आफ्नो दम्भका कारण अरूलाई उत्पीडन गर्ने कुनै पनि व्यक्ति रहनेछैनन् । त्यस्तो समुद्री वृत्तजस्तो व्यवस्थाको सारतत्व व्यक्तिहरू स्वयं नै हुनेछन् र त्यसको प्रतिफल पाउने हकदार पनि उनीहरू नै हुनेछन् ।'

## देहातका ...

तिर्छन । 'बृद्ध पेन्सन (भत्ता) आउछं' ८० वर्षीय लक्ष्मी यादवले भने 'त्यही पैसाले पालो लगाएर भोक लाग्दा चिया नास्ता खान्छौं ।'

'बुढा पेन्सनले धेरै भरथेक गरेको छ' ७४ वर्षीय दोरिक यादवले भने 'चिया नास्ताको पैसा तिर्ने पालो सातामा एक दिन एकजनाको पर्दोरहेछ ।' त्यही पैसाले साँझ घर फिर्नेबेलामा नातिनातिनालाई उनीहरू खानेकुरा लिएर समेत जान्छन् । 'बुढेसकाल भएपछि जवानीका पुराना दिनहरूको याद आउँदो रहेछ' उनले भने 'त्यही पुरानो कुरा सुनिदिने कोही नहुँदा मनमा उकुसमुकुस हुँदो रहेछ, पहिलेका कुराहरू यही आएर गाँठो फुकाउन पाउँदा मन शान्त हुन्छ ।' बृद्धहरू पहलमानी खेलेकादेखि अन्तिममा धर्मकर्मका कुरामा पुगेर टुंग्याउँछन् बिकुले भने ।

स्थानीयले बृद्धका गफ रसिक हुने बताए । 'दिनहुँ उहाँहरू यसरी नै भेला भएर गफ गर्ने र रामायण बाचन गर्छन्' उनले भने 'जीवनको उत्तरार्द्धमा पुगेका बृद्धहरूको गफ शिक्षाप्रद हुन्छन्, फुर्सदको बेला आएर सुन्ने गरेको छु ।'

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)